## कार्यपालिका बैठक संख्या- १२

मितिः- २०८२।१२।११

### निर्णयहरु

**निर्णय नं. १-** मिति २०८२।११।२८ गतेको बैठक नं. ११ का निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो।

**निर्णय नं. २-** स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, लुम्बिनी प्रदेश, बुटवलबाट **बैकल्पिक सहायक राजमार्ग कार्यक्रम** अन्तर्गत माग भएका सडकहरुको लागि तपसिल बमोजिमका सडकहरुको नामावली सिफारिस गरि पठाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

१. विजयनगर-७, बोर्डर (सीमाना) देखि गेडुवाजोत हुलाकी सडक, दत्तपुर, छो.अमौली, पत्थरदेइया हुँदै शिवराज चन्द्रौटा (चन्द्रौटा-कृष्णनगर सडक) जोड्ने लिंक रोड स्तरोन्नती

२. शिवराज-२, सुरही पुलदेखि विजयनगर-४, त्रिपालनगर-बुद्धनगर-बरगदवा हुँदै वडा नं. ३, पत्थरदेइया-मैनारी हुँदै कृष्णनगर वडा नं. ११-१२ हुँदै झिंगाहा हुलाकी सडक सम्म स्तरोन्नती

३. भगिरामपुर देखि विरनगर, जवाबैराठ हुँदै प्रगन्नापुर सडक स्तरोन्नती

**निर्णय नं. ३-** आगामि आ.व. २०८३/०८४ का लागि तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत कार्यान्यन गर्ने गरी तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ७ (ग) अन्तर्गतका देहायको प्राथमिकता बमोजिमका सामाजिक पूर्वाधार योजना माग गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**देहायः**

१. श्री रामशरण आ.वि.मा भवन निर्माण, विजयनगर-६, जुडपनिया

२. श्री मदरसा अहले सुन्नत नूरीमा भवन निर्माण, विजयनगर -१, गुगौली

३. श्री जनज्योती आ.वि.मा भवन निर्माण, विजयनगर-७, मानपुर

**निर्णय नं. ४-** स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) अन्तर्गत चालु आ.व. २०८२/०८३ का लागि विनियोजित रकमबाट कार्यान्वयन हुने योजनाको दोस्रोपटक ठेक्का आह्वान गर्दा बचत हुन आएको रकम रु. ३०,४१,१८०.६१।- बाट तपसिल बमोजिमको योजना कार्यान्वयनका लागि उल्लिखित रकममा रु. ७,७०६६.६०।- थप गरी कूल लागत अनुमान रकम रु. ३८ ११,७४७.२१।- कायम गरी ठेक्का आह्वान गर्ने र भुक्तानीका बखत अपूग हुन आउने रकम गाउँपालिकाबाट व्यहोर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | योजनाको नाम | कार्यान्वयन हुने क्षेत्र | लागत अनुमान रकम | कैफियत |
|---|---|---|---|---|
| १ | देउपुरा देखि डगडई जाने सडक स्तरोन्नती | वडा नं. ४ | रु. १९,०५,९९४.५५।- | |
| २ | जगदिशपुर पत्थरदेइया सडक स्तरोन्नती | वडा नं. ३ | रु. १९,०५,७५२.६६।- | |

**निर्णय नं. ५-** यस गाउँपालिका वडा नं. ६, वद्धौर स्थित आधारभूत स्वास्थ्य सेवा अस्पताल (१५ शैया) संचालन तथा व्यवस्थापन समितिको मिति २०८२।१२।११ गतेका निम्न निर्णयहरु अनुमोदन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**निम्नः-**

१. आधारभूत स्वास्थ्य सेवा अस्पताल (१५ शैया)को लागि हेल्थ असिस्टेन्ट (पाँचौ) जना-१ पदपूर्ति गर्ने।

२. आधारभूत स्वास्थ्य सेवा अस्पताल (१५ शैया)मा स्वीपर पदमा ज्यालादारीमा कार्यरत कर्मचारी श्री इन्द्र माया गुरुङलाई मिति २०८३ वैशाख १ देखि लागु हुने गरी करार सेवामा नियुक्त गर्ने।

**निर्णय नं. ६-** आधारभूत स्वास्थ्य सेवा अस्पताल (१५ शैया) संचालन तथा व्यवस्थापन समितिको मिति २०८२।०९।२० गतेको निर्णयबाट सिफारिस भइ आए बमोजिम आधारभूत स्वास्थ्य सेवा अस्पतालका लागि "ख" वर्गको एम्बुलेन्स खरिद प्रकृया अघि बढाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८७ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. १२ निर्णय प्रमाणित गर्दछु ...... को

डिगलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत



गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

आ.व.२०८२।०८३

## कार्यपालिका बैठक संख्या- ११

मितिः- २०८२।१२।११

**निर्णय नं. ७-** श्री बघमरवा आधारभूत विद्यालय बघमरवा (१-५)को विद्यालय व्यवस्थापन समितिको मिति २०८२।१२।०२ को निर्णय तथा विजयनगर गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. ७८२ मिति २०८२।१२।०९ गतेको पत्रसाथ उक्त वडा समितिको निर्णय संलग्न गरी श्री बघमरवा आधारभूत विद्यलाय बघमरवाले विद्यालय स्थापनाकाल देखि हालसम्म अविच्छिन्न रुपमा भोगचलन गरि आएको जग्गा विद्यालयको नाममा दर्ताका लागि मालपोत कार्यालय, चन्द्रौटा, कपिलवस्तुमा सिफारिस गरिदिनुहुन भनि लेखि आएको सम्बन्धमा नियमानुसार तपसिल बमोजिमको जग्गा उक्त विद्यालयको नाममा दर्ताको लागि आवश्यक प्रकृयाका लागि मालपोत कार्यलाय, चन्द्रौटालाई लेखि पठाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | जग्गा विवरण | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | साविक खुरुहुरिया २क अन्तर्गतको | ३९४ | ०-७-१५ | पूर्वः- कि.नं. ३१६, पश्चिमः- ३९३<br>उत्तरः- ३८० र दक्षिणः- ३९८ सहितको चारकिल्ला भित्रको जग्गा |

**निर्णय नं. ८-** स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको प्राविधिक सहयोगमा तयार भएको विजयनगर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन, २०८१ लाई गाउँपालिकाको आवश्यकता अनुरुप थप व्यवस्थित र उपयोगी हुनेगरी अन्तिम रुप प्रदान गर्न स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम १३ बमोजिम प्रमुख प्रशासकीय अधिकृत श्री हिमलाल विश्वकर्माको संयोजकत्वमा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ९-** शिक्षा ऐन, २०२८ को दफा ११ ट बमोजिम गठित विजयनगर गाउँपालिका गाउँ शिक्षा समितिको कार्य अवधि समाप्त भएको सम्बन्धमा साविक बमोजिमकै सदस्यहरुलाई निरन्तरता दिनेगरी नियमानुसार समितिको म्याद थप गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. १०-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | मधनगरा युवा क्लव | विजयनगर-१, मधनगरा | खेलकुद सामग्री खरिद | रु. ३०,०००।– (तीस हजार रुपैयाँ मात्र) | खेलकुद सहयोग कार्यक्रम |
| २ | जगदिशपुर युवा क्लव (धर्मेन्द्र वनिया) | विजयनगर-३, जगदिशपुर | क्रिकेट प्रतियोगिता संचालन तथा व्यवस्थापन | रु. ३०,०००।– (तीस हजार रुपैयाँ मात्र) | |
| ३ | सोनीया वि.क. | विजयनगर-५, डालपुर | मृत्यु संस्कार (किरिया) खर्च | रु. ३०,०००।– (तीस हजार रुपैयाँ मात्र) | मागमा आधारित सहयोग कार्यक्रम |

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. ११ को निर्णय प्रमाणित गर्दछु

...पाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका